# काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ती सम्बन्धी कार्यविधि, २०८०

## विषय–सूचि (Table of Content)


| क्र.सं. | बिवरण | पेज नं |
|---|---|---|
| १. | प्रस्तावना | १ |
| २. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| ३. | परिभाषा | १ |
| ४. | सिफारिश समितिको गठन | २ |
| ५. | उम्मेदवारको योग्यता | २ |
| ६. | उम्मेदवारको अयोग्यता | ३ |
| ७. | सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्था | ३ |
| ८. | पुनः सूचना प्रकाशन गर्नु पर्ने | ४ |
| ९. | मूल्यांकनका आधार | ४ |
| १० | कार्यपत्र परीक्षण | ५ |
| ११. | कार्यपत्रको प्रस्तुति तथा अन्तर्वार्ता मूल्यांकन | ५ |
| १२ | कार्यपत्र प्रस्तुतीकरण तथा अन्तरवार्ता मूल्यांकन सम्बन्धी व्यवस्था | ७ |
| १३. | विज्ञको सूची तयार गर्ने | ७ |
| १४ | नियुक्तिका लागि सिफारिस | ७ |
| १५ | पारिश्रमिक,सेवा सुविधा सम्बन्धी व्यवस्था | ८ |
| १६. | आचारसंहिता पालना गर्नुपर्ने | ८ |
| १७ | नाता सम्बन्ध रहेका व्यक्ती संलग्न रहेको विषयको काम कारबाही सम्वन्धमा | ९ |
| १८ | विविध | ९ |
| १९ | खारेजी | १० |
| | अनुसूचीहरु | ११ देखि १५ |

# काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ती सम्बन्धी कार्यविधि, २०८०

<u>प्रस्तावनाः</u> काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट छनौट गर्नको लागि तत् सम्बन्धी मापदण्ड, कार्यविधि एवं मूल्याङ्कनका आधारहरु तय गर्न आवश्यक भएकोले,

काठमाडौं उपत्यका खानेपानी लिमिटेड सञ्चालक समितिले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यो कार्यविधिको संक्षिप्त नाम "काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ती सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u>

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कम्पनी" भन्नाले काठमाडौं उपत्यका खानेपानी लिमिटेड सम्झनु पर्छ ।

(ख) "सञ्चालक समिति" भन्नाले काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "सिफारिश समिति" भन्नाले सञ्चालक समितिले कार्यविधिको दफा ३ बमोजिम गठन गरेको प्रमुख कार्यकारी अधिकृत छनौट गरी सिफारिस गर्ने समिति सम्झनु पर्छ ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत भई कार्य गर्न अख्तियार प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ङ) "कर्मचारी" भन्नाले प्रमुख कार्यकारी अधिकृत छनौट सिफारिश समितिको प्रशासनिक काम कारबाही गर्न सहयोगको लागि तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(च) "नाता सम्बन्ध" भन्नाले पति-पत्नी,आमा-बाबु तथा छोरा-छोरी,सासु-ससुरा,धर्मपुत्र-धर्मपुत्री,काका-काकी,ठुलोबुवा-ठुलीआमा,सानोबुवा-सानीआमा,भतिजा-भतिजी,भान्जा-

भान्जी,भिनाजु-ज्वाइँ,मामा-माइजु,फुपु-फुपाजु,साला-साली र तीनका छोरा छोरी समेत सम्झनु पर्छ।

(छ) "दक्ष /विज्ञ" भन्नाले प्रमुख कार्यकारी अधिकृत छनौट गर्नका लागि मुल्यांकन गर्ने कार्यमा संलग्न व्यक्तीलाई सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले सञ्चालक समितिका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ ।

३. <u>सिफारिश समितिको गठनः</u>

(१) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिको लागि खुला प्रतिष्पर्धा गराई उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्न सञ्चालक समितिले तीन सदस्यिय सिफारिश समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको सिफारिश समितिले आवश्यकता अनुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सिफारिश समितिका सदस्य,विज्ञ र कर्मचारीहरुले सञ्चालक समितिले तोके बमोजिमको बैठक भत्ता र अन्य सुविधा पाउने छन्।

(४) सिफारिश समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफै तय गर्न सक्नेछ ।

४. <u>उम्मेदवारको योग्यता:</u>

प्रमुख कार्यकारी अधिकृतको पदमा खुल्ला प्रतिस्पर्धाको लागि आवेदन दिन देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ।

क. **शैक्षिकयोग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन, वित्त, वाणिज्य वा सार्वजनिक प्रशासन (एम.पि.ए.) मध्ये कुनै विषयमा कम्तिमा स्नातकोत्तर उतिर्ण गरेको,

ख. **अनुभव :** कुनै सरकारी संस्था वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तराष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा १० बर्ष कार्य अनुभव हाँसिल गरेको,खानेपानी तथा सरसफाई व्यवस्थापनको क्षेत्रमा अनुभव भएकालाई बिशेष ग्राह्यता दिईनेछ।

ग. **उमेरः** दरखास्त दिने अन्तिम मितिमा पैंतिस वर्ष पुरा भएको र पचपन्न वर्ष ननाघेको। कुनै निकायमा कार्यरत कर्मचारीको हकमा कार्यरत निकायले आवेदन पेश गर्न पूर्वसहमति दिएको पत्र पेश गर्नु पर्नेछ। यसरी पूर्व सहमति लिई आवेदन पेश गर्ने उम्मेदवार प्रमुख कार्यकारी अधिकृतको पदमा छनौट भएमा निजले आफू कार्यरत

पदबाट राजिनामा दिई स्वीकृत भएको जानकारी पेश गरेपछि मात्र निजसँग कार्य सम्पादन करार संझौता गरिने छ ।

५. <u>उम्मेदवारको अयोग्यता:</u>

प्रमुख कार्यकारी अधिकृतको पदमा खुल्ला प्रतिस्पर्धाको लागि आवेदन दिने उम्मेदवारको अयोग्यता निम्न बमोजिम हुनेछ :

(क) दफा ४ बमोजिम योग्यता नपुगेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी त्यस्तो सेवाबाट वर्खास्त गरिएको,

(घ) बैदेशिक स्थायी आवासीय अनुमति लिएको (Diversity Visa, Permanent Resident),

(ङ) गैह्र नेपाली नागरिक।

६. <u>सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्था:</u>

(१) प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति गर्न कम्तिमा तिस दिनको समय दिई दफा ४ बमोजिमको योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिहरु मध्येवाट दरखास्त आह्वानको लागि छनौट समितिले तोकेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको पदको लागि उम्मेदवार बन्न इच्छुक व्यक्तिले उपदफा (१) मा उल्लेख गरिएको सूचनामा तोकिएको म्यादभित्र यस कार्यविधिको अनुसूची -१ वमोजिमको ढाँचामा दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा वुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त बुझाउँदा देहाय बमोजिमको कागजातको प्रतिलिपी संलग्न गरी बुझाउनुपर्ने छ।

(क) शैक्षिक योग्यताको प्रमाणपत्र,

(ख)अनुभवको प्रमाणपत्र,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र,

(घ) व्यवसायिक कार्ययोजना समावेश गरिएको कार्यपत्र (तीन प्रति)

(४) उपदफा ३(घ) को व्यवसायिक कार्ययोजनामा देहायका बिषयहरु अनिवार्य रुपमा समावेश गरिएको हुनु पर्नेछः-



कम्पनी सचिव

(क) काठमाडौं उपत्यका खानेपानी लिमिटेड गठन तथा सन्चालन सम्बन्धी कानूनी प्रावधान, कम्पनी र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डवीच भएको लिज सम्झौतामा उल्लेख गरिएका प्रावधान, सार्वजनिक निजी साझेदारीमा संचालित संस्थाहरुका चुनौतिहरुको विश्लेषण र समाधानका उपायहरु,

(ख) कम्पनीको सांगठनिक संरचना तथा प्रशासन सुधारको कार्ययोजना,

(ग) चुहावट नियन्त्रण कार्ययोजना,

(घ) कम्पनीको सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्ययोजना

(ङ) वक्यौता असुली तथा राजश्व वृद्धि सम्बन्धी कार्ययोजना

(च) गुनासो व्यवस्थापन सम्बन्धी कार्ययोजना,

(छ) कम्पनीको समग्र सुधार, आन्तरिक सुशासन र सेवा प्रबाह सुधार सम्बन्धी कार्ययोजना,

(ज) खानेपानी तथा ढल व्यवस्थापनमा नवप्रवर्धन ( Innovative idea for water and waste water management ) योजना ।

(झ) सूचना प्रविधिको उपयोग गरेर व्यवस्थापन छरितो बनाउने कार्ययोजना।

व्यवसायिक योजनामा उल्लेख गरिएका विषयहरुलाई कार्य सम्पादन्न करार सम्झौताको अंग बनाईनेछ ।

(५) आवेदन दस्तुर रु. १०,०००।०० (दश हजार ) हुनेछ ।

७. <u>पुनः सूचना प्रकाशन गर्नु पर्ने:</u>

(१) दफा ६ वमोजिम प्रकाशन भएको सूचनाको म्यादभित्र तीनवटा भन्दा कम दरखास्त पर्न आएमा सिफारिश समितिले प्राप्त दरखास्तलाई कायमै राखी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सात दिन म्याद थप गरी पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) थप सात दिनमा पनि थप दरखास्त पर्न नआएमा मुल्यांकनको प्रकृया अघि बढाउनु पर्नेछ।

८. <u>मुल्यांकनका आधार:</u>

(१) प्रमुख कार्यकारी अधिकृत छनौटका लागि विभिन्न चरणमा लिइने परीक्षण विधिको कुल पुर्णांक एक सय हुनेछ। सो अंकभारलाई देहाय बमोजिमका उपशिर्षक र भारमा विभाजन गरिनेछ। अंकभार अनुसूची २ र ३ मा उल्लेख गरे बमोजिम हुनेछ।

(क) शैक्षिक योग्यता - बिस अंक

(ख) व्यवस्थापन अनुभव -बिस अंक

(ग) व्यवसायिक योजना सहितको कार्यपत्र लेखन - पैतिस अंक

(घ) कार्यपत्र प्रस्तुतिकरण - पन्ध्र अंक

(ङ) अन्तरवार्ता - दश अंक

(२) सिफारिश समितिले दफा ६ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको शैक्षिक योग्यता र अनुभव अनुसूची -२ बमोजिमको मूल्यांकनको आधारमा मुल्यांकन गर्दा न्यूनतम ४० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवाहरु मध्ये क्रमशः सबैभन्दा बढी अंक प्राप्त गर्ने सात जना उम्मेदवारहरुको नाम वर्णानुक्रम अनुसार दरखास्त दिने अन्तिम म्याद समाप्त भएको मितिले ३० दिनभित्र छनौट गरी संक्षिप्त सुची प्रकाशन गर्नेछ।

सात वटा भन्दा कम दरखास्त पर्न आएमा न्यूनतम ४० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने सबै योग्य उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ। सातौ स्थानका लागि एक भन्दा बढी उम्मेदवारले समान अङ्क प्राप्त गरेमा समान अङ्क प्राप्त गर्ने सबै उम्मेदवारलाई संक्षिप्त सुचीमा समावेश गरिनेछ ।

(३) उपदफा २ को प्रयोजनको लागि प्राप्त अंक अन्तिम योग्यताक्रममा समेत जोडिनेछ।

९. <u>कार्यपत्र परीक्षणः</u>

(१) उम्मेदवारहरुको संक्षिप्त सूची प्रकाशन भए पछी संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुबाट सिलबन्दी रुपमा प्राप्त कार्यपत्रहरुलाई परीक्षणको लागि विज्ञ समक्ष पठाउनु अगावै लोक सेवा आयोगद्वारा निर्धारण गरिएको विधि र प्रक्रिया बमोजिम कार्यपत्रमा कोडिङ्ग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कोडिङ्ग गर्ने कार्यका लागि सिफारिश समितिले सम्बन्धित विज्ञको सहयोग लिनेछ।

(३) उपदफा (१) बमोजिम कोडिङ्ग कार्य सम्पन्न भएपछि प्रत्येक कार्यपत्र भिन्न भिन्न रुपमा दुई जना विज्ञहरुबाट परीक्षण गराउनु पर्ने छ। यसरी बिज्ञबाट परीक्षण गर्दा कार्यपत्रमा कुनै अंक वा संकेत प्रदान नगरी कार्यपत्र साथ उपलब्ध गराईएको लब्धाङ्क पत्र फाराममा प्राप्ताङ्क भर्नु पर्ने छ। कार्यपत्रका साथ मूल्याङ्कनका आधारहरु समेत सिफारिश समितिले विज्ञहरुलाई उपलब्ध गराउनु पर्नेछ।

१०. <u>कार्यपत्रको प्रस्तुति तथा अन्तर्वार्ता मूल्यांकनः</u>

(१) कार्यपत्रको प्रस्तुति तथा अन्तर्वार्ताको मूल्यांकन देहाय बमोजिम हुनेछः



सचिव

(क) दफा ८ बमोजिम प्रकाशन गरिएको संक्षिप्त सुचीमा परेका उम्मेदवारहरुको बर्णानुक्रमानुसारको संक्षिप्त सूचीको क्रमसंख्याको आधारमा कार्यपत्र प्रस्तुतिको क्रम,समय र मिति तोकी सोको सूचना छनौट समितिले तोकेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा तथा कम्पनीको वेभसाइटमा समेत प्रकाशन गरिनेछ। तोकिएको मिति र समयमा सिफारिश समितिलाई मनासिव कारण नदेखाइ अनुपस्थित हुने उम्मेदवारलाई कार्यपत्र प्रस्तुतिको अर्को अवसर दिइने छैन।

(ख) कार्यपत्र प्रस्तुतीका लागि प्रत्येक उम्मेदवारलाई चालीस मिनेट समय प्रदान गरिने छ। निजको प्रस्तुति समाप्त भएपछि प्रस्तुतिको मूल्याङ्कनका लागि सिफारिस समितिका पदाधिकारी र बिज्ञले प्रस्तुतिसंग सम्बन्धित बिषयमा प्रस्तोतासंग प्रश्नोत्तरको लागि बीस मिनेट समय छुटयाइनेछ।

(ग) कार्यपत्र प्रस्तोताले पावरपोईन्ट प्रयोग गरी नेपाली भाषामा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुपर्नेछ।

(घ) कार्यपत्र लेखन अंग्रजी र नेपाली दुबै भाषामा गर्नु पर्नेछ ।

(ङ) कार्यपत्र प्रस्तुति मूल्याङ्कनकर्ताले गोप्य तरिकाले मूल्याङ्कन गरेको प्रत्येक मूल्याङ्कन सिटको पछाडीपट्टी सबै मूल्याङ्कनकर्ताहरुको सहीछाप गर्नु पर्नेछ । यसरी सहीछाप गरी मूल्याङ्कन गर्ने कार्य सम्पन्न हुनासाथ मूल्याङ्कन सिटलाई सिलबन्दी गरी सिफारिस समितिका संयोजकको जिम्मामा राख्नु पर्नेछ।

(च) एक सत्रमा बढीमा तीन जना उम्मेदवारहरुबाट कार्यपत्र प्रस्तुत गराईनेछ ।

(छ) सिफारिश समितिको संयोजकले कार्यपत्र प्रस्तुतीको मूल्यांकनको लागि दफा १२ बमोजिम तयार गरेको विज्ञहरुको रोस्टरबाट बढीमा तीन जना विज्ञहरु गोप्य तरिकाले बढीमा अन्तर्वार्ताको १ दिन अघि छनौट गरी आमन्त्रण गर्नेछ।

(२) कार्यपत्र मूल्याङ्कन, कार्यपत्र प्रस्तुतिको मूल्याङ्कन तथा अन्तर्वार्तामा यथासम्भव बिज्ञहरु दोहोरिनु हुदैन ।

(३) अन्तर्वार्ता लागि छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्ताका दिन आफुले प्राप्त गरेको शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति र कार्यपत्रको सफ्ट कपी पेनड्राईभ सहित लिई उपस्थित हुनु पर्नेछ।

(४) कार्यपत्र प्रस्तुती र अन्तर्वार्ता मुल्यांकनको आधार अनुसूची-३ बमोजिम हुनेछ।



कम्पनी सचिव

(५) अन्तर्वार्ताको मूल्याङ्कन गर्ने प्रत्यक सदस्यले अलग अलग फारममा मूल्याङ्कन गर्नु पर्नेछ । अन्तर्वार्ता समाप्त हुने वित्तिकै उपस्थित सबैको रोहबरमा सिलबन्दी गरी सो खाममा बाहिर विज्ञ लगायत अन्तर्वार्तामा सामेल सवै सदस्यहरुले सहीछाप गर्नु पर्नेछ।

११. <u>कार्यपत्र प्रस्तुतीकरण तथा अन्तरवार्ता मूल्यांकन सम्बन्धी व्यवस्था:</u>

कार्यपत्र परीक्षण, कार्यपत्र प्रस्तुतिकरणको मूल्यांकन वा अन्तर्वार्तामा संलग्न कुनै मुल्यांकनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा कम अंक प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ र त्यसरी प्रदान गरेको अंक पचास प्रतिशत भन्दा वढी मुल्यांकनकर्ताहरुले प्रदान गरेको भए मात्र मान्य हुनेछ। अन्यथा बढीमा सत्तरी प्रतिशत र घटिमा चालिस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ।

१२. <u>विज्ञको सुची तयार गर्ने:</u>

सिफारिश समितिले प्रमुख कार्यकारी अधिकृतको लागि दरखास्त पेश गरिसक्नु पर्ने अन्तिम मिति अगावै उम्मेदवारले तयार गरेको कार्यपत्र तथा सो को प्रस्तुतिकरण र अन्तर्वार्ता मुल्यांकन गर्ने कार्यका लागि उपयुक्त शैक्षिक योग्यता,सम्बन्धित क्षेत्रको अनुभव र ख्याती प्राप्त मध्येबाट कम्तिमा सात जना विज्ञहरुको सुची तयार गर्नेछ। यस्तो सूचीमा व्यवस्थापन,बाणिज्य, वित्त, सार्वजनिक प्रशासन,ईन्जिनियरिङ्ग वा अन्य क्षेत्रका बिज्ञहरु रहनेछन।

१३. <u>नियुक्तिका लागि सिफारिश:</u>

(१) अन्तरवार्ता पश्चात सिफारिश समितिका पदाधिकारीहरुले उम्मेदवारले तयार पारेको कार्यपत्र मूल्याङ्कन, कार्यपत्रको प्रस्तुतिकरण र अन्तर्वार्तामा प्रदान गरिएको अंकलाई शैक्षिक योग्यता तथा अनुभवमा प्राप्त अङ्क जोडी योग्यताक्रम अनुसार छानिएका तीन जना उम्मेदवारहरुलाई बर्णानुक्रमानुसार नियुक्तिका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्नु पर्ने छ।

(२) मूल्याङ्कन भई आएका कार्यपत्रहरु वापतको अङ्क समेत जोड्ने प्रयोजनका लागि डिकोडिङ्ग गर्ने कार्य उपदफा (१) मा उल्लेखित कार्य गर्नुभन्दा तत्काल अगाडी गर्नु पर्नेछ । डिकोडिङ्ग गर्ने कार्यका लागि सिफारिश समितिले विज्ञको आवश्यक सहयोग लिन सक्ने छ।

(३) सञ्चालक समितिले सिफारिस भएका उम्मेदवारहरु मध्येबाट अन्तर्वार्ता, बिज्ञता समेत परीक्षणका उपयुक्त आधारहरु तय गरी निश्चित मापदण्डको आधारमा सबभन्दा योग्यलाई प्रमुख कार्यकारी अधिकृतको पदमा छनौट गरी नियुक्त गर्नेछ।

१४. <u>पारिश्रमिक,सेवा सुविधा सम्बन्धी व्यवस्था:</u>

(१) प्रमुख कार्यकारी अधिकृतको पदावधी चार वर्षको हुनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको मासिक पारिश्रमिक रु. २,५०,०००।०० (दुई लाख पचास हजार) हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतलाई ईन्धन सहितको एउटा गाडी र एक जना ड्राईभर उपलब्ध गराईनेछ।

(४) प्रमुख कार्यकारी अधिकृतले उपदफा (२) बमोजिम मासिक तलब बाहेक कार्यसम्पादन मुल्यांकनका आधारमा सञ्चालक समितिले तोके बमोजिम प्रोत्साहन भत्ता तथा अन्य सुविधा प्राप्त गर्न सक्नेछ।

१५. <u>आचारसंहिता पालना गर्नुपर्ने:</u>

(१) प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी कार्यपत्र परीक्षण गर्ने दक्ष / विज्ञ तथा कार्यपत्र मुल्यांकनकर्तालि देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ:

(क) कार्यपत्र परीक्षण तथा अन्तरवार्तामा आफु समावेश गरिएको सूचना लाई गोप्य राख्नु पर्नेछ।

(ख) आफ्नो नाता सम्बन्धको व्यक्ती उम्मेदवार भएको जानकारी भएमा मुल्यांकनमा सहभागी हुन पाईने छैन। सो को जानकारी सिफारिश समितिमा गराउनु पर्नेछ।

(ग) कार्यपत्र परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहिकतै ब्यक्त गर्नु हुदैन।

(२) सञ्चालक समितिका पदाधिकारीहरुले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ:

(क) आफ्नो नाता सम्बन्धको व्यक्ती उम्मेदवार भएको जानकारी भएमा मुल्याङ्कनमा सहभागी हुन पाईने छैन।

(ख) प्रमुख कार्यकारी अधिकृतको पदको लागि आफु स्वयं उम्मेदवार हुने भएमा मुल्यांङ्कनमा सहभागी हुन पाईने छैन र सोको जानकारी लिखित रुपमा सञ्चालक समितिको अध्यक्षलाई गराउनु पर्नेछ।

(ग) कुनै उम्मेदवारको पक्षमा वा विपक्षमा कहिँ कतै मत प्रकट गर्न पाईने छैन।

(घ) सिफारिस समितिका पदाधिकारी वा कर्मचारीले गरिरहेका गरिरहेका गोपनियता कायम गर्नु पर्ने काम कारबाहीका बिषयमा अनावश्यक रुपमा खोजिनीति गर्न वा चासो लिनु हुदैन ।



कम्पनी सचिव

(३) सिफारिश समितिका पदाधिकारी तथा कर्मचारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ :

(क) छनौट प्रकृयाका सम्पुर्ण कृयाकलापको गोपनियता कायम गर्नु पर्नेछ। वाह्य तथा आन्तरिक दवाव, धम्कीको प्रभावमा नपरी कानुन को अधिनमा रहि निष्पक्ष रुपमा काम कारवाही अघि बढाउनु पर्नेछ।

(ख) कुनै पनि उम्मेदवारबाट कुनै पनि प्रकारको दान, दातव्य, ऋण, भौतिक वा आर्थिक लाभ उपहार वा कोसेली स्विकार गर्न पाईने छैन।

१६. <u>नाता सम्बन्ध रहेका व्यक्ती संलग्न रहेको विषयको काम कारबाही सम्बन्धमा:</u>

कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार भएको जानकारी भएमा जानकारी हुनासाथ लिखित रुपमा जानकारी गराउनु पर्नेछ। सञ्चालक समिति,सिफारिश समितिका पदाधिकारी तथा कर्मचारीले आफ्नो नाता सम्बन्ध भएको व्यक्ती उम्मेदवार भएमा देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैन :

(१) परिक्षाको कार्यपत्रमा संकेत नम्वर राख्ने,

(२) परिक्षाको कार्यपत्र परीक्षण गर्न पठाउने,

(३) नतिजा प्रकाशन।

१७. <u>विविध:</u>

(१) सिफारिश समितिले आवश्यकता अनुसार आफ्नो काम कारबाहिको लागि छुट्टै निर्णय पुस्तिका,दर्ता,चलानी खडा गर्न सक्नेछ।

(२) सिफारिश समिति आफैले गर्ने कार्य बाहेक गोपनियता भंग नहुने दैनिक काम कारबाहिको लागि कम्पनीका कर्मचारीको सहयोग लिन सक्नेछ।

(३) सिफारिश समितिले दरखास्त आह्वान गरिएको सूचना, कार्यविधि,कम्पनीको प्रबन्धपत्र एवं नियमावली, प्रमुख कार्यकारी अधिकृतको कार्यविवरण (TOR), दरखास्त फारामको नमूना तथा कम्पनी सम्बन्धी आधारभूत जानकारी लगायत अन्य आवश्यक कुराहरु उम्मेदवारको जानकारीको लागि कम्पनी व्यवस्थापनलाई वेबसाइटमा राख्न लगाउन सक्नेछ । उल्लेखित कुराहरु कम्पनी व्यवस्थापनले सूचना डेस्क मार्फत सूचना प्रवाहको व्यवस्था मिलाउनेछ।



कम्पनी सचिव

(४) यस कार्यविधिमा उल्लेखित विषयहरु कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सिफारिस समितिले लोक सेवा आयोगको सामान्य सिद्दान्तलाई आधार मानी वाधा अड्काउ फुकाउन सक्नेछ।

(५) सिफारिस समितिले प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी कार्यप्रक्रिया अवलम्बन गर्दा यस कार्यविधिमा समावेश नभएका बिषयहरुमा लोक सेवा आयोगको सामान्य सिद्दान्त, कार्यविधि र प्रक्रियालारभकई अवलम्बन गर्न सक्नेछ ।

(६) सिफारिस समितिको प्रशासनिक काम कारबाहीमा सहयोग पुर्‍याउनका लागि सिफारिस समितिको अनुरोधमा कम्पनी व्यवस्थापनले आवश्यक कर्मचारी खटाउनेछ ।

१८. खारेजी:

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ती सम्बन्धी कार्यविधि,२०७६ खारेज गरिएको छ।

कम्पनी सचिव

अनुसूची -१

(दफा ६ संग सम्बन्धित)

## काठमाडौं उपत्यका खानेपानी लिमिटेड

## प्रमुख कार्यकारी अधिकृतको लागि दरखास्त फारम

**क.व्यक्तिगत विवरण :**

१.उम्मेदवारको नाम :

२.जन्म मिति:

| | बर्ष | महिना | गते |
|---|---|---|---|
| बि.सं.मा | | | |
| ई.सं.मा | | | |

३. स्थायी ठेगाना:

जिल्ला/प्रदेश :

न.पा./गा.पा./वडा नं:

टेलीफोन नं :

मोबाईल नं :

**ईमेल ठेगाना :**

**४. अस्थायी ठेगाना :**

**जिल्ला /प्रदेश:**

न.पा./गा.पा.,वडा नं :

टेलीफोन नं :

मोबाईल नं :

**ईमेल ठेगाना :**

**५. नागरिकता :**

नागरिकता लिएको जिल्ला :

नागरिक्ता नंबर र मिति:

६. पति/पत्निको नाम :

७.. बाबु/आमाको नाम :

८. बाजेको नाम:

९.सम्पर्क नंबर र ठेगाना :



प्रतिलिपी सहित

| ख. शैक्षिक योग्यता सम्बन्धी विवरण : | | | | | |
|---|---|---|---|---|---|
| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधी | अध्ययन बर्ष | | प्रासाङ्क/ प्रतिशत | कैफियत |
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| ग. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण | | | | |
|---|---|---|---|---|
| संस्था/निकायको नाम ठेगाना | कार्यअवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| घ.उम्मेदवार यदि कुनै निकायमा कार्यरत रहेको भए प्रमुख कार्यकारी अधिकृत पदमा दरखास्त दिन सहमति प्रदान गरेको सम्बन्धित निकायको पत्र । | | | | |
| ङ.माथि उल्लरेखित मेरो ब्यक्तिगत विवरण ठिक साँचो छ ।झुट्ठा फरक ठहरे यसै आधारमा दरखास्त बदर गरिएमा पछि मैले कुनै उजुर बाजुर गर्ने छैन । | | | | |

मितिः

दरखास्तवालाको हस्ताक्षर

____________________

संलग्न कागजातहरु :

१. शैक्षिक योग्यतात र कार्यअनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. कुनै निकायमा कार्यरत भए त्यस्तो निकायको दरखास्त दिनको लागि प्रदान गरिएको पूर्वस्वीकृति पत्र,

३. उम्मेदवारको कार्यक्षमताबारे जानकारी भएको प्रतिष्ठित कुनै दुई जना ब्यक्तिको

(क) नाम थर :

(ख) सम्पर्क टेलिफोन नंबर :

(ग) इमेल ठेगाना :

# अनुसूची- २

(दफा ८ सँग सम्बन्धित )

**प्रमुख कार्यकारी अधिकृत पदको उम्मेदवार छनौटका लागि संक्षिप्त सूची तथा योग्यताक्रम निर्धारण गरी प्रकाशन गर्न अंक प्रदान गर्ने आधारहरु :**

क.शैक्षिक योग्यताः

पूर्णाङ्क : २०

**उतिर्णाङ्क : ४० प्रतिशत**

| सि.नं. | **विवरण** | प्राप्त हुने अंक |
|---|---|---|
| १. | सम्बन्धित बिषयमा स्नातकोत्तर तह प्रथम श्रेणिवाप | १८ अंक |
| २. | सम्बन्धित बिषयमा स्नातकोत्तर तह द्बितिय श्रेणी वापत | १६ अंक |
| ३. | सम्बन्धित बिषयमा स्नातकोत्तर तह तृतिय श्रेणिवापत | १४ अंक |
| ४. | सम्बन्धित बिषयमा बिद्यावारिधी उपाधि वापत | २ अंक |
| | | |

**ख.अनुभवः**

पूर्णाङ्क :२०

**उत्तिर्णांकः ४० प्रतिशत**

| **सिनं.** | **विवरण** | प्राप्त हुने अंक |
|---|---|---|
| १.१ | कुनै सरकारी संस्था वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा १० बर्ष देखि १५ बर्षसम्मको कार्य अनुभव हाँसिल गरेको | १६ |
| १.२ | कुनै सरकारी संस्था वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा १६ देखि २० बर्षसम्मको अनुभव हाँसिल गरेको | १८ |
| १.३ | कुनै सरकारी संस्था वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा पदमा २० बर्षभन्दा माथि अनुभव प्राप्त गरेको | २० |
| | | |

# अनुसूची - ३

(दफा ८ सँग सम्बन्धित )

**अ. व्यवसायिक योजना सहितको कार्यपत्र लेखन तथा मुल्यांकनको आधार :**

| क्रस | आधारहरु | अंङ्क |
|---|---|---|
| क. | काठमाडौं उपत्यका खानेपानी लिमिटेडको गठन तथा सन्चालन सम्बन्धी कानुनी प्रावधानहरु, लिज संझौतामा उल्लेख गरिएका प्रावधानहरु, सांगठनिक संरचनाको विस्तृत विश्लेषण, मुल्यांकन, सार्वजनिक निजी साझेदारीमा सन्चालित संस्थाहरुको संचालनमा देखिएका चुनौतिहरुको विश्लेषण र समाधानका उपायहरु सहितको कार्ययोजना, | १५ अङ्क |
| ख. | कम्पनीको सांगठनिक संरचना तथा प्रशासन सुधारका उपायहरु, | १५ अङ्क |
| ग. | चुहावट नियन्त्रण कार्ययोजना, | १५ अङ्क |
| घ. | कम्पनीको सम्पत्ति व्यवस्थापन कार्ययोजना, | १५ अङ्क |
| ङ. | वक्यौता असुली तथा राजस्व वृद्दि योजना, | १० अङ्क |
| च. | गुनासो व्यवस्थापन कार्ययोजना, | १० अङ्क |
| छ. | कम्पनीको समग्र सुधार, आन्तरिक सुशासन र सेवा प्रबाह सुधार सम्बन्धी कार्ययोजना, | ५ अङ्क |
| ज. | खानेपानी तथा ढल ब्यवस्थापमा नवप्रबर्धन ( Innovative idea for water and waste water management ), | ५ अङ्क |
| झ. | सूचना प्रविधिको उपयोग गरेर व्यवस्थापन छरितो बनाउने कार्ययोजना । | १० अङ्क |
| | जम्मा १०० पूर्णाङ्कमा प्राप्त अंङ्कलाई ३५ अंकभारमा परिणत गरी मूल्याङ्कन गरिनेछ | १०० अंक |



सचिव

आ. कार्यपत्र प्रस्तुतिकरणको मूल्याङ्कनको आधार :पूर्णाङ्क -१५

| क.सं | आधारहरु | अंक |
|---|---|---|
| क. | अवधारणामा सपष्टता | ४ अंक |
| ख. | आत्मविश्वास | ४ अंक |
| ग. | क्रियाप्रतिक्रियामा दक्षता | ३ अंक |
| घ. | प्रस्तुतिकरणको शैली | २ अंक |
| ङ. | समयको व्यवस्थापन | २ अंक |

इ. अन्तवार्ता मूल्याङ्कन को आधार : पूर्णाङ्क -१०

| क.सं | आधार | अंक |
|---|---|---|
| क. | अन्तर्वार्ता | १० अंक |

कम्पनी सचिव